नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

रुकुम पूर्व




# लागू औषध नियन्त्रण सम्बन्धी एकिकृत बार्षिक कार्ययोजना

आ.व.२०७९/०८०

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रुकुम (पूर्व)

**पृष्ठभूमि :-**

विश्वव्यापी साझा समस्याको रुपमा रहि आएको लागू औषधको उत्पादन, ओसार-पसार र प्रयोग नेपालमा पनि विगत लामो समयदेखि गम्भीर समस्याको रुपमा देखा परेको सन्दर्भमा रुकुम (पूर्व) जिल्ला पनि यसको प्रत्यक्ष असर परेको पाईन्छ। लागूऔषध (गाँजा, अफिम) खेती तथा उत्पादन हुने हिसाबले यस जिल्ला पकेट क्षेत्रको रुपमा रहि आएको छ भने पछिल्लो समयमा जिल्लाका युवाहरु विभिन्न औषधीजन्य लागू औषधहरु (Buprenorphine, Pentazocine, Methamphetamine, Diazepam, Tramadol आदि) को दुर्व्यसनीमा फस्ने क्रम पनि बढ्दो रहेको छ। यसको सेवनले एकातिर सेवनकर्तामा गम्भीर स्वास्थ्य समस्या देखिदै गएका छन भने अर्कोतिर परिवार, समाज र राष्ट्रमै यसका नकारात्मक असर देखिन थालेका छन्। लागू औषध प्रयोगकर्ताहरु लागूऔषध किन्नका लागि चोरी,लुटपाट,घरायसी झैझगडामा संलग्न रहको पाईन्छ। लागू औषधको उत्पादन, ओसार-पसार, बिक्रि वितरण र प्रयोगले सामाजिक विकास र स्थिरतामा नकारात्मक प्रभाव पार्दछ। जिल्लामा बढ्दै गएको लागू औषधसँग सम्बन्धित अपराध र गतिविधीहरुको नियन्त्रणमा थप क्रियाशील र सक्रिय हुँदै जिल्ला प्रहरी कार्यालय रुकुम (पूर्व) तथा मातहत प्रहरी यूनिटहरुबाट आ.व. ०७६।०७७ मा अन्दाजी १६४ रोपनी जग्गामा लगाएको गाजाँ र २४७ रोपनी जग्गामा लगाएको अफिम खेती फँडानी तथा ९ के.जी. ३०० ग्राम चरेश र ८ के.जी. २०० ग्राम अफिम बरामद र उक्त कार्यमा संलग्न ७ जना विरुद्ध मुद्दा चलाईएको, आ.व. ०७७।०७८ मा अन्दाजी ५० रोपनी जग्गामा लगाएको गाजाँ र १६५ रोपनी जग्गामा लगाएको अफिम खेती फँडानी तथा ४५ के.जी ५६५ ग्राम अफीम बरामद गरिएको र उक्त कार्यमा संलग्न १२ जना विरुद्ध मुद्दा चलाईएको र आ.व. ०७८।०७९ मा अन्दाजी २४१ रोपनी जग्गामा लगाएको गाजाँ तथा २७३ रोपनी जग्गामा लगाएको अफिम खेती फँडानी तथा ९ के.जी. ८७० ग्राम गाँजा बरामद गरिएको थियो भने स्थानीय गाउँटोल, बस्ती र विद्यालयहरुमा यस बिषयमा सयौँ जनचेतनामुलक कार्यक्रमहरु संचालन गरी हजारौँ व्यक्तिहरुलाई यस बिषयमा प्रशिक्षित एवं सु-सूचित समेत गरिएको थियो भने यस किसिमका कार्यक्रमहरुलाई थप प्रभावकारीताका साथ निरन्तरता समेत दिईएको छ। तसर्थ विगतका तथ्याङ्कहरुलाई दृष्टिगत गर्दा यस जिल्लामा ठुलो मात्रामा अवैध लागू औषध गाँजा, अफीम र चरेश उत्पादन, ओसार-पसार तथा विक्रि बितरण हुँदै आएको र दिनानुदिन यसका प्रयोगकर्ताहरु समेत बढ्दै गएको प्रष्ट हुन्छ। यसरी जिल्लामा मौलाउँदै गएको लागू औषध सम्बन्धी यस किसिमका गतिविधीहरु प्रहरीको एकल प्रयासले मात्र अपेक्षित रुपमा नियन्त्रण हुन नसक्ने हुँदा यसको नियन्त्रण तथा न्यूनीकरण कार्यमा सुरक्षाका अन्य निकाय, स्थानीय निकाय, सरोकारवाला सरकारी तथा गैह सरकारी संघ संस्थाहरु, स्थानीय नागरिक, शिक्षक तथा विद्यार्थी वर्गहरुको सहयोग र सहकार्य अपरिहार्य हुन्छ। तसर्थ यस जिल्लामा हुने लागूऔषध (गाँजा, चरेश,अफिम) को उत्पादन, संकलन, भण्डारण तथा औषधी जन्य लागू औषधहरुकोओसार-पसार,बिक्री वितरण र प्रयोग लगायतका कार्यहरुको प्रभावकारी रोकथाम तथा नियन्त्रण र अनुसन्धान गरी लागू औषधको दुरुपयोग र दुर्व्यसनरहित स्वस्थ र समुन्नत समाजको निर्माण गर्ने उद्देश्यले यो लागू औंषध नियन्त्रण सम्बन्धी बार्षिक कार्ययोजना तयार पारिएको छ।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रुकुम (पूर्व)

## कार्ययोजनाको उद्देश्य :-

१) जिल्लामा लागू औषधको खेती, उत्पादन, भण्डारण, ओसार-पसार तथा बिक्रि बितरण लगायतका कार्यहरु नियन्त्रण गर्ने।

२) आम नागरिकहरुमा लागूऔषध सम्बन्धी चेतनाको विकास गराउने।

३) लागू औषधसँग सम्बन्धित अपराधहरु नियन्त्रण तथा न्यूनिकरण गर्ने।

४) यूवा समुहलाई लागू औषधको दुर्व्यसनीबाट जोगाउने।

५) लागू औषधको कारोबारमा संलग्न विभिन्न समुह तथा व्यक्तिहरुको गतिविधीहरु निस्तेज गर्ने।

६) जिल्लाको समग्र शान्ति सुरक्षालाई मजबुत बनाउने।

७) तराईका जिल्ला तथा शहरी क्षेत्रबाट जिल्लामा भित्रिने औषधीजन्य लागू औषधहरु भित्रन नदिने र सोको प्रयोग नियन्त्रण गर्ने।

८) अवैध मदिरा उत्पादन, बेच विखन र उपयोग नियन्त्रण गर्ने।

## अपेक्षित प्रतिफल:-

रुकुम (पूर्व) जिल्लामा लागू औषधको खेती, उत्पादन, संकलन, भण्डारण, ओसार-पसार, बिक्री वितरण र प्रयोग लगायतका सोसँग सम्बन्धित सम्पूर्ण क्रियाकलापहरुको प्रभावकारी रोकथाम तथा नियन्त्रण र अनुसन्धान गरी युवा वर्गलाई लागू औंषधको दुर्व्यसनीबाट जोगाई समुन्नत समाजको निर्माण गर्ने उद्देश्यले तयार पारिएको यो कार्ययोजना कार्यान्वयन भए पश्चात देहाय बमोजिम उपलब्धिहरु हासिल हुने अपेक्षा राखिएको छ:-

१) जिल्लामा लागू औषधको खेती, उत्पादन, भण्डारण, ओसार-पसार तथा बिक्रि बितरण लगायतका कार्यहरु नियन्त्रण हुनेछ।

२) आम सर्वसाधारणहरु लागू औषध विरुद्ध सचेत भई यसको रोकथाम तथा नियन्त्रण कार्यमा टेवा पुऱ्याउनेछन्।

३) लागूऔषध दुर्व्यसनीहरुको संख्यामा कमि आउने छ।

४) उल्लेख्य मात्रामा लागू औषध बरामद हुनुका साथै लागू औषधको कारोबारमा संलग्न गिरोहरु कानूनको दायरामा आउने छन।

५) लागू औषध सम्बन्धी मुद्दा अनुसन्धानमा थप सफलता प्राप्त हुनेछ।

६) जिल्लाको शान्ति सुरक्षा कायम गर्ने कार्यमा मद्दत पुग्नेछ।

७) यस जिल्लालाई लागूऔषधरहित जिल्लाको रुपमा स्थापित गर्ने कार्यमा महत्वपूर्ण योगदान पुग्नेछ।

८) तराईका जिल्ला तथा शहरी क्षेत्रबाट जिल्लामा भित्रिने औषधीजन्य लागू औषधहरु र सोको प्रयोग नियन्त्रणमा टेवा पुग्नेछ।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रुकुम (पूर्व)

<u>चुनौतीहरु:-</u>

१) भौगोलिक विकटता,

२) गाँजा र अफिम खेतीलाई नगदे बालीको रुपमा अंगाल्ने स्थानीयहरुको प्रवृत्ति,

३) वैकल्पिक अन्नवाली तथा नगदेवालीको खेती उत्पादन गर्न प्रतिकुल जमिन तथा वातावरण,

४) बेरोजगारी,

५) गरिबी,

६) अशिक्षा,

७) भाषाको ज्ञान,

८) मादक पदार्थ तथा केहि लागू औषधहरुको प्रयोगलाई सामाजिक परम्पराको रुपमा आत्मसाथ गर्ने प्रवृत्ति

## कार्यान्वयन कार्य योजना:-

| सि.न. | कार्यक्रम | लक्षित समुह | जिम्मेवार निकाय | समयसिमा | समन्वय / सहयोगी निकाय | अपेक्षित नतिजा | कै. |
|---|---|---|---|---|---|---|---|
| १. | लागूऔषध सम्बन्धि जिल्लामा हुने सम्पूर्ण गतिविधीहरुको बारेमा तथ्यगत सूचना संकलन गर्न संयत्र परिचालन गर्ने। | लागूऔषधसँग सम्बन्धित गैर-कानूनी क्रियाकलाप गर्ने व्यक्ति /समुह | ➢ नेपाल प्रहरी<br>➢ सशस्त्र प्रहरी बल<br>➢ राष्ट्रिय अनुसन्धान | निरन्तर | प्रहरीलाई सहयोग गर्ने स्थानीय व्यक्तिहरु | लागूऔषधसँग सम्बन्धी अवैध गतिविधीहरुको सुक्ष्म रुपमा निगरानी गरी सो सँग सम्बन्धित भरपर्दो सूचना संकलन भएको हुने। | |
| २. | जिल्लामा लागू औषध उत्पादन हुने क्षेत्रहरुको पहिचान गरी अभिलेख राख्ने। | लागूऔषध खेती हुने सम्भाबित स्थानहरु | ➢ नेपाल प्रहरी<br>➢ सशस्त्र प्रहरी बल<br>➢ राष्ट्रिय अनुसन्धान | साउन मसान्तसम्म | प्रहरीलाई सहयोग गर्ने स्थानीय व्यक्तिहरु | लागूऔषध खेती हुने स्थानहरुको पूर्व जानकारी प्राप्त भई अभिलेख राखिएको हुने। | |
| ३. | लागू औषध (गाँजा, अफीम) खेति गर्ने, विरुवा हुर्कने, फुल फुल्ने, फल लाग्ने र भित्र्याउने समयको बारेमा खबर संकलन गरी अभिलेख राख्ने। | लागूऔषधको खेती गर्ने र भित्र्याउने समय | ➢ नेपाल प्रहरी<br>➢ सशस्त्र प्रहरी बल<br>➢ राष्ट्रिय अनुसन्धान | साउन मसान्तसम्म | स्थानीय निकाय तथा व्यक्तिहरु | लागूऔषधको खेती तथा उत्पादन हुने समयको जानकारी प्राप्त भएको हुने। | |
| ४. | जिल्ला स्थित प्रहरी कार्यालयका प्रमुखहरू र सशस्त्र | जिल्ला स्थित प्रहरी | ➢ जिल्ला प्रशासन | भदौ महिना | सम्बन्धित | लागू औषध अपराध नियन्त्रणमा | |

जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रुकुम (पूर्व)

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | प्रहरी बलका प्रतिनिधीहरुलाई लागू औषध सम्बन्धी अभिमुखीकरण तालिम संचालन | यूनिटका प्रमुखहरु र सशस्त्र प्रहरी बलका प्रतिनिधीहरु | कार्यालय | | सरोकारवाला निकायहरु | नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बलको क्षमता अभिवृद्धि हुने। |
| ५. | लागू औषध नियन्त्रणको लागि स्थानीय निकायहरुसँग छलफल, अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रम संचालन | जिल्ला स्थित स्थानीय निकायहरु | ➢ जिल्ला प्रशासन कार्यालय | भदौ महिना | सम्बन्धित सरोकारवाला निकायहरु | लागू औषध नियन्त्रण कार्यमा स्थानीय जनप्रतिनिधीहरुबाट सहयोग प्राप्त हुने। |
| ६. | जिल्लामा गठित विभिन्न स्तरका समुदाय-प्रहरी साझेदारी समितिको भुमिकालाई थप प्रभावकारी बनाउने। | गठित समितिहरु | ➢ नेपला प्रहरी | निरन्तर | स्थानी तहहरु/ विद्यालयहरु | लागू औषध नियन्त्रण कार्यमा समुदाय-प्रहरी साझेदारी समितिको सक्रिय भूमिका निर्वाह हुने। |
| ७. | लागूऔषध नियन्त्रण तथा दुर्व्यसनी सम्बन्धी जनचेतनामुलक कार्यक्रमहरु (प्रशिक्षण प्रदान, पर्चा वितरण, जिङ्गल प्रसारण, सामाजिक सञ्जालबाट प्रचार) संचालन गर्ने। | विद्यार्थी तथा स्थानीयबासीहरु | ➢ नेपाल प्रहरी<br>➢ नेपाल जनजागरण मञ्च रुकुम (पूर्व) | निरन्तर | जिल्ला प्रशासन कार्यालय, स्थानिय तहहरु र विद्यालयहरु | लागूऔषध रोकथाम तथा नियन्त्रणमा जनचेतना अभिवृद्धि भई, नियन्त्रणमा जनसहयोग प्राप्त हुने। |
| ८. | लागू औषध खेती (गाँजा, अफिम) फडानीको लागि संयुक्त टोली परिचालन गर्ने। | लागू औषधको खेती हुने स्थानहरु | ➢ नेपाल प्रहरी<br>➢ सशस्त्र प्रहरी बल<br>➢ राष्ट्रिय अनुसन्धान | भदौ/असोज (गाँजा) वैशाख/जेठ/असार (अफिम) | जिल्ला प्रशासन कार्यालय, प्रहरीलाई सहयोग गर्ने स्थानीय व्यक्तिहरु | अवैध रुपमा हुने लागूऔषध (गाजाँ, अफीम) खेती उल्लेख्य मात्राना फँडानी भएको हुने। |
| ९. | स्थानीय बजारमा संचालित औषधी पसलहरूको अनुगमन | जिल्लामा संचालित औषधी पसलहरु | ➢ जिल्ला जनस्वास्थ्य कार्यालय/जिल्ला प्रशासन कार्यालय | निरन्तर | नेपाल प्रहरी, को.ले.नि.का. तथा अन्य सम्बन्धित सरोकारवाला निकायहरु | लागू औषधजन्य औषधीहरुको अनाधिकृत विक्री वितरणमा नियन्त्रण हुने। |
| १०. | जिल्लाका सिमानाका तथा लागू औषध ओसार-पसार हुने मार्ग र स्थानीय बजारहरु लक्षित गस्ती तथा सरप्राईज चेकिङको व्यवस्था मिलाउने। | लागूऔषधको विक्री वितरण तथा ओसार-पसार गर्ने समुह | ➢ नेपाल प्रहरी<br>➢ सशस्त्र प्रहरी बल | निरन्तर | राष्ट्रिय अनुसन्धान / प्रहरीलाई सहयोग गर्ने व्यक्तिहरु | लागूऔषध बरामद तथा सोको ओसार-पसार तथा विक्री वितरणमा संलग्नहरुलाई पक्राउ गरी कानूनी दायरामा ल्याईएको हुने। |
| ११. | सुराकी परिचालन | लागूऔषधको विक्री वितरण तथा ओसार-पसार गर्ने समुह | ➢ नेपाल प्रहरी<br>➢ सशस्त्र प्रहरी बल<br>➢ राष्ट्रिय अनुसन्धान | आवश्यकता अनुसार | प्रहरीलाई सहयोग गर्ने व्यक्तिहरु | लागऔषधको ओसार-पसार तथा कारोबारमा संलग्न व्यक्ति एवं गिरोह र प्रयोगकर्ताहरुको बारेमा सुचना संकलन भएको हुने। |
| ११. | लागू औषध विरुद्ध विशेष अपरेशन संचालन। | लागूऔषधको विक्री वितरण तथा ओसार-पसार गर्ने | ➢ नेपाल प्रहरी<br>➢ सशस्त्र प्रहरी बल | आवश्यकता अनुसार | जिल्ला प्रशासन कार्यालय र राष्ट्रिय | लागूऔषध बरामद तथा सोको ओसार-पसार तथा विक्री वितरणमा |

जिल्ला अधिकारी

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | समुह | | | अनुसन्धान | संलग्नहरुलाई पक्राउ गरी कानूनी दायरामा ल्याईएको हुने। | |
| १२. | अवैध मदिराको उत्पादन, बिक्रि वितरण र प्रयोगलाई निरुत्साहित गर्ने | होटल तथा प्रयोगकर्ताहरु | ➢ जिल्ला प्रशासन कार्यालय<br>➢ नेपाल प्रहरी | निरन्तर | को.ले.नि.का. तथा अन्य सम्बन्धित सरोकारवाला निकायहरु | जिल्लामा अवैध मदिरा नियन्त्रण भएको हुने। | |
| १३. | लागू औषध दुर्व्यसनमा फसेका युवावर्गहरुको पहिचान गरी पुन:स्थापनामा सहयोग गर्ने, | लागू औषध दुर्व्यसनीहरु | ➢ जिल्ला प्रशासन कार्यालय<br>➢ नेपाल प्रहरी<br>➢ राष्ट्रिय अनुसन्धान | निरन्तर | सम्बन्धित सरोकारवाला निकायहरु | दुर्व्यसनीमा लागेका युवाहरुको सामाजिक पुन:स्थापनामा टेवा पुगेको हुने। | |
| १४. | लागु औषध नियन्त्रण सम्वन्धी वार्षिक प्रतिवेदन तयार गर्ने | बर्षभरी जिल्लामा संचालित लागू औषध सम्बन्धी कार्यक्रमहरु | ➢ जिल्ला प्रशासन कार्यालय | आ.व.०७९।०८० को असार महिना भित्र | सुरक्षा निकाय तथा अन्य सम्बन्धीत सरोकारवाला निकायहरु | तथ्याङ्क अद्यावधिक गर्नुका साथै बर्षभरी संचालित कार्यक्रमहरुको समिक्षा र आगामी बर्षको कार्ययोजनाको आधार तय हुने। | |

प्रमुख जिल्ला अधिकारी